प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

प.सं.:-२०७७/०७८
च.नं. १८

मितिः२०७७/०४/०६

विषयः विवरण उपलब्ध गराई दिनु हुन ।

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
प्रदेश नं. २, जनकपुरधाम ।

प्रस्तुत विषयमा श्री यातायात व्यवस्था सेवा कार्यालयको प.सं.२०७६।७७, च.नं. ३१४, मिति २०७७।०३।१८ गतेको पारिश्रमिक दररेट स्वीकृत विषयक प्राप्त पत्रको छायाँप्रति संलग्न गरी पठाइएको छ । तत् सम्बन्धमा प्रस्तावित दररेटको आधारमा वार्षिक लागत अनुमान यथाशीघ्र उपलब्ध गराई दिनु हुनका साथै प्रस्तावित दररेटमा तहाँ मन्त्रालयको राय प्रतिक्रिया उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

(राजन कुमार झा)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः

१.श्री यातायात व्यवस्था कार्यालय, - वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
लहान, सिरहा ।

२.श्री यातायात व्यवस्था कार्यालय, - वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
जनकपुरधाम, धनुषा ।

३.श्री यातायात व्यवस्था कार्यालय - वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
सवारी चालक अनुमति पत्र, पर्सा ।

४.श्री यातायात व्यवस्था कार्यालय सवारी - वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
पर्सा ।

५.श्री यातायात व्यवस्था सेवा कार्यालय - वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
बर्दिवास, महोत्तरी ।

६.श्री यातायात व्यवस्था सेवा कार्यालय- वार्षिक लागत अनुमानको विवरण यथाशीघ्र उपलब्ध गराइदिनु हुन।
गौर, रौतहट ।

७.श्री सूचना तथा प्रविधि शाखाः Website मा Uploead गरी सम्बन्धित मन्त्रालय/कार्यालयको इमेलमा पठाइदिनु हुन ।

प्रदेश सरकार

प्रदेश नं.२

भौतिक पूर्वाधार विकास मन्त्रालय

# यातायात व्यवस्था सेवा कार्यालय

बर्दिबास, महोत्तरी

प.स. : ०७६।७७

च.नं. : ३९६

मिति : २०७७।०३।१८

बिषय :- पारिश्रमिक दररेट स्वीकृत सम्बन्धमा ।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं.२, जनकपुरधाम ।

यातायात व्यवस्था विभागले जारी गरेको यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) को अनुसुची -१० मा सवारीचालक अनुमतिपत्रको परीक्षा सञ्चालनमा खटिने पदाधिकारी/कर्मचारीलाई उपलब्ध गराउने पारिश्रमिक दररेट अत्यन्त न्युन रहेको हुदाँ समानुकुल पारिश्रमिक परिमार्जनको लागि लोकसेवा आयोगले स्वीकृत गरेको पारिश्रमिक दररेट निर्देशिका-२०७२ लाई आधारमा मानी सवारीचालक अनुमतिपत्रको परीक्षामा खटिने पदाधिकारी/कर्मचारीलाई पनि सोही बमोजिम प्रदान गर्नुपर्ने आवश्यकता देखिएको हुदाँ प्रस्तावित पारिश्रमिक दररेट पाना-२ यसै साथ राखी स्वीकृतका लागि सादर अनुरोध छ ।

पोषण थापा
नि.कार्यालय प्रमुख

**बोधार्थ**
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं.२, जनकपुरधाम ।

दर्ता नं.: २५८१
मिति: ०७७।३।२८
आर्थिक मामिला तथा योजना मन्त्रालय

Email :- Bardibasyatayat@gmail.com, Website : https://mahottmso.dotm.gov.np Ph:- 044-550260

## सवारीचालक अनुमतिपत्रको परीक्षा सञ्चालनमा खटिने पदाधिकारी/कर्मचारीलाई उपलब्ध गराउने पारिश्रमिक दररेट २०७७

| क.स. | बिषय | पारिश्रमिक दररेट रु. | | कैफियत |
|---|---|---|---|---|
| | | लिखित | प्रयोगात्मक | |
| [redacted] | | | | |
| क) | केन्द्राध्यक्ष | ९००/– | १५००/– | |
| ख) | सहायक केन्द्राध्यक्ष | ७५०/– | १०००/– | |
| ग) | समन्वयकर्ता | ६००/– | ८००/– | |
| घ) | निरीक्षक | ४००/– | ६००/– | |
| ङ) | सहयोगी | २५०/– | ४००/– | |
| [redacted] | | | | |
| क) | प्रहरी निरिक्षक | ६००/– | ९००/– | |
| ख) | प्रहरी नायब निरिक्षक | ४००/– | ८००/– | |
| ग) | प्रहरी सहायक निरिक्षक | ३५०/– | ७००/– | |
| घ) | प्रहरी हवल्दार | ३००/– | ६००/– | |
| ङ) | प्रहरी जवान | २५०/– | ५००/– | |

२. लिखित परिक्षा सञ्चालन गर्दा २०० जना परिक्षार्थी सम्मलाई एक सिफ्ट एक परिक्षा केन्द्र कायम गरि सञ्चालन गर्ने ।

३. ट्रयाक्टर र हेवी ईक्युपमेन्ट बाहेक सबै प्रकारका सवारीको प्रयोगात्मक परिक्षा सञ्चालन गर्दा १०० जना परिक्षार्थी सम्मलाई एक सिफ्ट कायम गरि प्रयोगात्मक परिक्षा सञ्चालन गर्ने ।

४. ट्रयाक्टर र हेवी ईक्युपमेन्ट प्रयोगात्मक परिक्षा सञ्चालन गर्दा ५० जना परिक्षार्थी सम्मलाई एक सिफ्ट कायम गरि प्रयोगात्मक परिक्षा सञ्चालन गर्ने ।

| ५. उत्तरपुस्तिका परीक्षण (प्रति परिक्षार्थी) | | पारिश्रमिक दर रेट रु. |
|---|---|---|
| क) | प्रारम्भिक परिक्षण | ८/- |
| ख) | अन्तिम परिक्षण | ७/- |

| | |
|---|---|
| ६. लिखित तथा प्रयोगात्मक परीक्षा समितिको बैठक भत्ता(प्रतिबैठक) | पदाधिकारी |

| | | |
|---|---|---|
| क) | अध्यक्ष | २५००/- |
| ख) | सदस्य | २५००/- |

➢ आमन्त्रित सदस्य भएमा समितिका सदस्य सरह बैठक भत्ता उपलब्ध गराईनेछ ।

| ७. मौखिक परिक्षा (अन्तर्वार्ता प्रति दिन) रु: | | पदाधिकारी | कैफियत |
|---|---|---|---|
| क) | पदाधिकारी (३ सदस्य) | १५००/- | |

➢ सहयोगी कर्मचारी प्रति परिक्षा रु. १०००/- उपलब्ध गराईनेछ ।

८. सबै प्रकारका परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनको लागि समितिको अध्यक्षले खटाए बमोजिम कार्य गर्ने सहयोगी कर्मचारीलाई देहाय बमोजिम खाना तथा खाजा खर्च उपलब्ध गराउने

क. २ घण्टासम्मको कार्य भएमा खाजा खर्च वापत प्रति कर्मचारी रु. ३००/- उपलब्ध गराउने ।

ख. २ घण्टा भन्दा बढीको कार्य भएमा खाना तथा वापत प्रति कर्मचारी रु. ५००/- उपलब्ध गराउने ।

९. प्रश्नपत्रको निर्माणका लागि प्रश्नपत्र तयार गर्ने पदाधिकारी/कर्मचारीको पारिश्रमिक खर्च

क. प्रतिसेट प्रश्नपत्र निर्माण गरेवापत पारिश्रमिक रु. २०००/- उपलब्ध गराउने ।

ख. कम्प्युटर अपरेटर र प्रश्नपत्र परिमार्जन गर्ने प्रति व्यक्ति २ घण्टासम्म रु. ३००/- र दुई घण्टा भन्दा बढी भएमा रु. ५००/- पारिश्रमिक उपलब्ध गराउने ।

१०. उपरोक्तानुसारको दररेटमा कार्यालय समय अघिपछि भएमा २५ प्रतिशत र सार्वजनिक बिदाका दिनमा ५० प्रतिशत थप गर्ने ।

११. परिक्षा समितिका अध्यक्ष र कार्यालय प्रमुखले सामान्य सिद्धान्त र औचित्यका आधारमा कर्मचारीलाई परिक्षामा सहभागी गराउने ।

१२. माथि उल्लेखि संख्या भन्दा बढी परिक्षार्थी भएमा आवश्यकता अनुसार सिफ्ट र केन्द्र थप गरि परिक्षा सञ्चालन गर्ने ।

१३. उपरोक्तानुसारको सबै पारिश्रमिकमा नियमानुसार अग्रिम करकट्टी गरी भुक्तानी दिईनेछ ।